# पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह
## कञ्चन ५, रुपन्देही

पत्र संख्या : ०८२/०८३
च.नं. : २९

मिति : २०८२/०९/०१ गते

### काठदाउरा लिलाम बिक्री सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना !

यस सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा पुनरुत्पादन कटान, ढलापडा, विभिन्न मितिमा बराम्द भएको काठ तथा जिल्ला वन पैदावार आपूर्ति समितिवाट फिर्ता भएको काठ समेत गरी लट नं. १ देखि ४ बमोजिमको विभिन्न जातको गोलिया थान ६०१ को ३६५९.५४ क्यु.फि. काठ तथा लट नं. ५ र ६ अनुसारको दाउरा १० चट्टा (अन्य जातको दाउरा ३ चट्टा र साल जातको दाउरा ७ चट्टा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिकी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन पैदावारको कारोवार गर्ने इजाजत प्राप्त मु.अ. करमा दर्ता भएका, कर चुक्ता गरेका र सुचिकृत भएका व्यवसायीले यो सूचना राष्ट्रिय दैनिक, मेचीकाली सन्देश ( बर्ष २६, अंक २) पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र खरिद गरेको निकायमा शिलवन्दी बोलपत्र दाखिला गर्न अव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारी तथा सूचनाको लागी समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

**१. पैदावारको विवरण**

**तपसिल**

| सि. नं. | लट नं. | धाङ नं. | प्रजाति | ग्रेड | गोलिया संख्या | परिमाण (क्यु.फि.) | न्युनतम दर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | |
| 1 | 1-2082/83 | 1,2,3,4,9,10 | साल | B | 11 | 103.89 | 900 | 93505.10 | |
| | | | | C | 240 | 690.42 | 600 | 414252.00 | |
| | | | | D | 10 | 15.08 | 300 | 4524.49 | |
| | | | **जम्मा** | | **261** | **809.40** | | **512281.60** | |
| 2 | 2-2082/83 | 5,15 | साल | A | 26 | 415.56 | 1250 | 519452.00 | |
| | | | | B | 25 | 220.19 | 900 | 198172.25 | |
| | | | | C | 69 | 233.58 | 600 | 140148.22 | |
| | | | | D | 2 | 6.41 | 300 | 1922.85 | |
| | | | **जम्मा** | | **122** | **875.74** | | **859695.32** | |
| 3 | 3-2082/83 | 8 | असना | A | 30 | 767.52 | 400 | 307007.99 | |
| | | | | B | 16 | 226.51 | 300 | 67953.89 | |
| | | | | C | 23 | 134.45 | 100 | 13444.85 | |
| | | | **जम्मा** | | **69** | **1128.48** | | **388406.73** | |

# पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह
## कञ्चन ५, रुपन्देही

पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह

पत्र संख्या : ०८२/०८३

| सि. नं. | लट नं. | धाड नं. | प्रजाति | ग्रेड | गोलिया संख्या | परिमाण (क्यु.फि.) | न्युनतम दर | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा | |
| 4 | 4-2082/83 | 11,12,13,14 | असना | A | 5 | 75.29 | 400 | 30114.41 | |
| | | | | B | 6 | 65.06 | 300 | 19517.16 | |
| | | | | C | 2 | 8.99 | 100 | 898.65 | |
| | | | बाँझी | N | 17 | 90.67 | 100 | 9067.16 | |
| | | | जामुन | A | 1 | 21.44 | 400 | 8575.00 | |
| | | | | B | 4 | 60.25 | 300 | 18074.21 | |
| | | | साल | A | 3 | 36.18 | 12500 | 452273.22 | |
| | | | | B | 25 | 208.77 | 900 | 187888.55 | |
| | | | | C | 86 | 279.29 | 600 | 167572.68 | |
| | | | **जम्मा** | | **149** | **845.921** | | **893981.05** | |
| 5 | 5-2082/83 | | दाउरा (20*5*5) | साल जात | | 4 | 12000 | 48000 | |
| | | | | अन्य जात | | 1 | 8000 | 8000 | |
| | | | **जम्मा** | | | **5** | | **56000** | |
| 6 | 6-2082/83 | | दाउरा (20*5*5) | साल जात | | 3 | 12000 | 36000 | |
| | | | | अन्य जात | | 2 | 8000 | 16000 | |
| | | | **जम्मा** | | | **5** | | **52000** | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-
(क) खरिद गर्ने अन्तिम मिति : २०८२/०९/२१ गते कार्यालय समय सम्म ।
(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/०९/२२ गते कार्यालय समय सम्म ।

३. बोलपत्र फाराम रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी यस समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट खरिद गरी सोही कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समुहको नाममा रहेको ग्लोबल आईएमई बैंक, सालझण्डी शाखामा रहेको वचत खाता नं. २२५०१०१०००२७९ चल्ती खातामा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट कम्तीमा ६ महिनाको समावेश गर्नु पर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गै हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाण, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रमाणित प्रतिलिपि बोलपत्र खरिद गर्नको लागि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

# पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह
## कञ्चन-५, रुपन्देही

अध्यक्ष
पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह

पत्र संख्या : ०८२/०८३

७. रित पूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०९/२५ गते दिउसोको २:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा यस समुहको कार्यालय कञ्चन-५, रुपन्देहीमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १० दिनभित्र सकार गरेको रकम र संकलन खर्च एवं कानुन बमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आब्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पुरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र, शिलवन्दी गरी पेश गर्नु पर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समुहको काठदाउरा लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस सामुदायिक वन उपभोक्ता समितिमा निहीत रहने छ ।

१३. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलि पल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१४. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समितिको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१५. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित कानून अनुसार हुने छ ।

# लीलाराम फाइनलमा

केट लिए। प्रिन्स पाल प्लेयर अफ म्याच भइ पाँच सय रुपैयाँ प्राप्त गरे। त्यस्तै, दोस्रो सेमिफाइनलमा टस जितेर ब्याटिङ गरेको होराइजन जीबीएसले ८ ओभर ५ बलमा सबै विकेट गुमाएर जम्मा ८० रनको झिनो योगफल खडा गऱ्यो। उसका लागि प्रसन पोखरेलले २ र सुनिल लोधले १० रन बनाए नि अन्य ब्याटरले दोहोरो अंकमा रन छुन्न सकेनन्। बलिङमा लीलारामका जन खान, प्रेमसागर यादव र विक्की ल्लाहले २-२ तथा कृष्णमोहन कुर्मीले १ विकेट लिए।

प्रतिउत्तरमा लीलाराममले १२ ओभर ५ बलमा २ विकेटको क्षतिमा ८१ रन बनाई सहजै जित दर्ज गऱ्यो। उसको जितमा लक्की यादवले अविजित ३६ र आयन खानले नटआउट २३ रनको योगदान गरे। बलिङमा होराइजन जीबीएसका शिवप्रसाद यादव र सहज अर्यालले १-१ विकेट लिए। प्रेमसागर यादव प्लेयर अफ द म्याच भइ पाँच सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए। यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेस्ट बलर र बेस्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुशासित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन्। पर्वत स्पोर्ट्स, भैरहवाले प्रायोजन गरेको प्रतियोगितामा रुपन्देहीका ३० वटा विद्यालयले प्रतिस्पर्धा गरेका थिए।

## शिक्षक आवश्यकता

मिति : २०८२/०९/२९ गते

उपर्युक्त सम्बन्धमा मिति २०८२/०८/१७ गते विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार गाउँपालिका स्रोतबाट तलब भत्ता खानेगरी बालविकास कक्षाको लागि उर्दु महिला शिक्षक भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिक बाट आवेदन लागि दरखास्त आह्वान गरिएको हुँदा निर्धारित समयभित्र आवेदन दिनका लागि यो बिज्ञापन प्रकाशित गरिएको छ।

तपसिल

बिज्ञापन नं. : ०८२/०८३/०१

१. विषय : उर्दु, अरबी 　　२. पद संख्या : १ जना

३. अधिकतम उमेर १८ देखि ४० सम्म

४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

५. शैक्षिक योग्यता : कम्तिमा १०+२ उर्दुबाट उत्तिर्ण (फाजिल) उर्दु शास्त्रमा उपल्लो योग्यता प्राप्त उमेदवारलाई प्रायमिकता दिइनेछ।

६. शैक्षिक प्रमाणपत्र

७. तलब स्केल: गाउँपालिका श्रोत तथा (वि.व्य.स. को निर्णय अनुसार)

८. निरोगिताको प्रमाण पत्र

९. परिक्षाको किसिम : लिखित र अन्तरवार्ता

१०. निवेदन शुल्क : रु.१००० निवेदन साथ जम्मा गर्नुपर्ने।

११. आवेदन दर्ता गर्ने अन्तिम मिति २०८२/०९/०६ गते सम्म

१२. सम्पर्क मिति २०८२/०९/०७ गते

प्रधानाध्यापक

**मदरसा तालीमुल कुरआन अल्सलफीया**

सियारी गा.पा. प्रसौली, (छपिया) रुपन्देही

## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/०९/०१ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५८७ मिति २०८१/११/१८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १५३० मिति २०८२/०८/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका असना, खयर, धौटी, जामुन जातका कुल जम्मा गोलिया थान ३०४ को ६०३.८१ क्यू.फिट काठ तथा साल मिश्रित जातको ४ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## बुटवल गोरुसिङ्गे चन्द्रौटा सडक योजना

### सडक प्रयोग सम्बन्धी सार्वजनिक अपिल

बुटवल देखि गोरुसिङ्गेसम्म सडक स्तरोन्नतिको कार्य भैरहेको छ। यस अवधिमा आवागमनलाई सहज बनाउन तथा सबैको सुरक्षा सुनिश्चित गर्न जरुरी छ। हामी सबैको सहयोग र सजगताले निर्माण कार्यलाई छिटो र सुरक्षित रूपमा पूरा गर्न सकिन्छ। आफ्नो, परिवार र समुदायको सुरक्षाको लागि उपर्युक्त सुझावहरू पालना गर्नुहोस्।

- बनिरहेको सडक उचित र सुरक्षित प्रयोग गरौं, सावधानी अपनाऔं। बालबच्चाहरूलाई सडकमा ध्यान दिन र हात समाएर हिँड्न सहयोग गर्नुहोस्।
- निर्माणाधीन सडक भएको खण्डमा डाइभर्सनमा सावधानीपूर्वक गति घटाएर सवारीसाधन चलाउनुहोस्।
- सडकमा राखिएका संकेत, ब्यारिकेड वा अन्य मार्गदर्शक निर्देशनलाई पालना गर्नुहोस्। सम्भव भएसम्म स्थानीय प्रशासनले बताएको वैकल्पिक मार्ग प्रयोग गर्नुहोस्।
- निर्माण सामग्री, मेशिन तथा खाल्डा भएका ठाउँबाट सुरक्षित दूरीमा रहनुहोस्। आफूले देखेका जोखिम वा समस्याको सूचना तुरुन्त दिनुहोस्।





## श्री पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह

कञ्चन-५, रुपन्देही

### काठ लिलाम बिकी सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०१ गते

यस सामुदायिक वनवाट आ.व. २०८१/०८२ मा उत्पादन भएको काठमध्ये समूह भित्रका उपभोक्ताहरुलाई बिकी वितरण भई बाँकी रहेको लट नं. १ देखि ४ बमोजिमको विभिन्न जातको गोलिया थान ६०१ को ३६५९.५४ क्यु.फि. काठ तथा लट नं. ५ र ६ अनुसारको अन्य जातको दाउरा ३ चट्टा र साल जातको दाउरा ७ चट्टा गरी जम्मा दाउरा १० चट्टा काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिकी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काष्ठ व्यवसाय गर्ने ईजाजत प्राप्त व्यक्ति, संघ संस्था वा फर्मले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट वोलपत्र फाराम खरिद गरी शिलबन्दी बोलपत्र दाखिला गर्न अव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

अध्यक्ष
पिपरीचापा महिला सा.व.उ.स.
कञ्चन ५, रुपन्देही

CamScanner